# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ति

(अभियोग पत्र दायर गरिएको बारे)

श्री प्रधान सम्पादक/सम्पादक ज्यू

दोलखा जिल्ला साविक पवटी गा.वि.स. वडा नं.-३ बस्ने दिनेश कोइरालाले ठगी गरी सम्पत्ति आर्जन गरेको भन्ने समेतका व्यहोराको उजुरी उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी दिनेश कोइरालाले आफ्नो हक नपुग्ने अरुको सम्पत्ति ठगी गरी सोबाट आर्जित गैरकानुनी सम्पत्तिलाई शुद्धीकरण गर्ने प्रयोजनार्थ गैरकानुनी सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने वा छल्ने वा बदल्ने, प्राप्ति, धारण र प्रयोग गर्न ठगी गरी आर्जन गरेको सम्पत्तिबाट नेपालको विभिन्न स्थानमा घरजग्गा बिक्री गरेको तथा श्रीमती सीता कोइराला र छोरा दर्शन कोइराला समेतको नाममा ठुलो परिमाणको चुक्ता पूँजी भएका विभिन्न कम्पनीहरु स्थापना गरी सो कम्पनीको बिक्री वितरण गरी आर्जित रु. २९६१०१७१४९।— दुइ अर्ब छयानब्बे करोड दश लाख सत्र हजार एकसय उनन्चास गैरकानुनी स्रोतको रकमलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित कार्य गरी गराई शुद्धीकरण गरेको अभियोगमा सो रकम रु. २९६१०१७१४९।— दुइ अर्ब छयानब्बे करोड दश लाख सत्र हजार एकसय उनन्चास बीगो कायम गरी, प्रतिवादी अमृता लिम्बुका हकमा बीगो रु. ४८४८३३७७४।—(अठ्चालिस करोड अठ्चालिस लाख तेत्तिस हजार सात सय चौरहत्तर) कायम गरी, प्रतिवादी किरणदेवी न्यौपानेका हकमा बीगो रु. १२०६३३४१०७।— (एक अर्ब बीस करोड त्रिसट्ठी लाख चौतिस हजार एकसय सात) कायम गरी, प्रतिवादी सिता कोइरालाका हकमा बीगो रु. १४३०००००।— एक करोड त्रिचालिस लाख कायम गरी र प्रतिवादी दर्शन कोइरालाका हकमा विगो रु. १५०९९९६६७।— पन्ध्र करोड नौलाख उन्नासय हजार छसय सतसट्ठी कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन र प्रतिवादीहरुका नाउँमा भएका बैंक खाता, विभिन्न कम्पनीको चुक्ता पूँजी वापतको रकम, प्रतिवादी दिनेश कोइरालाका नाउँ दर्ताका विभिन्न जिल्लामा रहेका जग्गा कित्ता-८, अमृता लिम्बुका नाउँमा तनहु जिल्लामा रहेका जग्गा कित्ता-२,लगातका सम्पुर्ण चल अचल सम्पत्ति समेत जफत हुन मागदावी लिई श्री जिल्ला सरकारी वकील कार्यालय काठमाडौंले मिति २०८१/८/१० गते सम्मानित काठमाडौं जिल्ला अदालतमा अभियोग पत्र दायर गरेको छ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

मितिः २०८१/८/१४